नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२९६ दायर मितिः-२०८१/११/२५**

**फैसला मितिः-२०८१/१२/२१**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **अर्चना चौधरीको जाहेरीले** | **जिल्ला रौतहट गरुडा नगरपालिका वडा नं.१ जयनगर टोल बस्ने** |
| **नेपाल सरकार..........................१** | **ओजाएर ओस्ताको छोरा वर्ष २१ को रिजवान ओस्ता..........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका बिष्णु महतो समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीले अभद्र व्यवहार गरेको छैन भनि ईन्कारी बयान गरेतापनि, मिति २०८१।११।०७ गते बिहान अं.०८ः३० बजेको समयमा जिल्ला पर्सा बिरगंज महानगरपालिका वडा नं.१५ भिष्वा टोल स्थित प्रतिवादी रिजवान ओस्ताले मेरो सुत्ने कोठा भित्र प्रवेश गरी बेडमा राखेको मेरो मोबाईल उठाउन खोज्दा मेरो मोबाईल किन उठाउनु भएको भनि सोध्दा निज प्रतिवादी मलाई गाली गलौज गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवालीको कोठामा प्रतिवादी प्रवेश गरेकोमा जाहेरवालीले सोधपुछ गर्दा प्रतिवादीले गाली गलौज गरी अभद्र व्यवहारको गरेको तथ्य स्थापित हुन गएको देखिएको र यस अघि प्रतिवादी उपर विभिन्न मितिमा ३ वटा सा.शा.वि.क.मुद्दा चलि फैसला भई सजय समेत पाई सकेको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी रिजवान ओस्तालाई कैद ३ महिना ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी रिजवान ओस्तालाई ठहरेको कैद ३ महिना मध्ये कैद १ महिना १४ दिन निज मिति २०८१/११/०७ देखि मिति २०८१/१२/२० हिरासत र थुनामा बसी कैद भुक्तान र भुक्तान हुँन बाँकी कैद भुक्तान गराउन कारागार कार्यालय, पर्सालाई पत्राचार पत्र लेख्नु र फैसलाको जानकारी कारागार कार्यालय, पर्समा थुनामा रहेका प्रतिवादी रिजवान ओस्ता समेतलाई गराउनु -------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ चैत्र महिना २१ गते विहीवार रोज ५/ ने.सं. ११४५ चौलाथ्व षष्ठी, शुभम् ........